" दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुब्री "

# चुमनुब्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# सिर्दिबास, गोरखा

गण्डकी प्रदेश ,नेपाल

पत्र संख्या :२०८१/८२
चलानी नं. :

मिति : २०८१/०४/०१

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको परिचयपत्र नवीकरण गर्ने सम्बन्धी सूचना !!!**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा (४) अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले प्रत्येक आर्थिक बर्षको भाद्र मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा आफैं उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था रहेको हुँदा चुमनुब्री गाउँपालिकाभित्रका आ.व. २०८०/८१ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले आफ्नो स्थायी ठेगाना रहेको वडामा तपसिलमा उल्लेखित कागजात सहित उपस्थित भई समाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नुहुन अनुरोध छ।

**तपसिल :**

१. हालसालै खिचेको २ प्रति पासपोर्ट साइजको फोटो
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि/ बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, बाबु आमाको नागरिकताको प्रतिलिपि, संरक्षकको नागरिकता प्रतिलिपि
३. असहाय एकल महिला/विधवाको हकमा : पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि, अर्को विवाह नगरेको वडाको सिफारिस
४. अपाङ्गता भएका व्यक्तिको हकमा : पालिकाद्वारा उपलब्ध गराएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

**पुनश्च : तोकिएको समयमा सामाजिक सुरक्षा भत्ता नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने र सोको जिम्मेवार स्वयंम लाभग्राही नै हुने व्यहोरा जानकारीका लागि अनुरोध छ।**